# ग्रामीण कन्दरा

## चारतारे युवा क्लव सिवाईसी नेपाल

**संरक्षक**
चण्डिप्रसाद शर्मा पौडेल

**सल्लाहाकार**
जगन्नाथ आचार्य
लक्ष्मण खड्का
विरवहादुर किसान

**प्रधान सम्पादक**
गोपाल कुमार शर्मा

**सम्पादक**
सीता शर्मा

**कम्प्युटर**
सुमन जि.सी.

**व्यवस्थापन**
संगिता शर्मा पौडेल
प्रतिभा शर्मा
प्रतिमा आचार्य

**प्रकाशक**
**चारतारे युवा क्लव, नेपाल**
बा.न.पा.-३, माझकोट,
बागलुङ

# यसभित्र.................................


| शिर्षक | पेज नं. |
|---|---|
| अध्यक्षको कलम | १ |
| संस्थागत परिचय | २ |
| आ.व. ०७६।०७७ को वार्षिक प्रगति प्रतिवेनद र आ.व. ०७७।०७७ को प्रस्तावित नीति तथा कार्यक्रम | ७ |
| आ.व. ०७६।०७७ को आर्थिक प्रगति प्रतिवेदन र ०७७।०७८ को प्रस्तावित आय-व्यय विवरण | १५ |
| ०७६।०७७ को लेखापरिक्षण प्रतिवेदन | २० |
| सभा सञ्चालन कार्यविधि | २३ |
| नोट | २६ |

# अध्यक्षको कलम..........

**चण्डिप्रसाद शर्मा पौडेल**
**अध्यक्ष**



प्रजातन्त्रको पुनर्स्थापना पश्चात राज्यले सामाजिक संस्थाहरुलाई विकास साझेदार र जागरणका लागि परिचालन गर्ने नीति अवलम्वन गऱ्यो । जसको फलस्वरुप देशव्यापी रुपमा संस्थाहरु च्याउ उम्रेसरी स्थापना भए । त्यही भेलमा फरक सोच र शैलिका साथ आत्मनिर्भरता र शोषण रहित समाज स्थापनामा सघाउ पुऱ्याउने उद्देश्यका साथ स्थापित चारतारे युवा क्लव नेपाल २८ वर्ष पुरा गरी २९ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा सबैप्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछु ।

सुचना, संगठन, बचत र सिपका ४ वटा मन्त्रहरुलाई आत्मसात गरि माटो, बाटो, पानि, खाल्डो जस्ता ४ वटा कामलाई प्राथामिकतामा राखि काम गरिरहेकोमा सदस्यहरुको माग र चाहाना बमोजिम शिक्षा स्वास्थ्य, लघुवित्त र उज्याले भविश्य भन्ने थप ४ वटा कार्यक्रमहरु थप गरी जनतालाई प्रत्यक्ष सहयोग पुऱ्याउँदै आएको संस्थाले लघुवित्तलाई सबै कार्यक्रमको केन्द्रविन्दुमा राखी सञ्चालन गरिरहेकोमा नेपाल राष्ट्र बैंकले गैर सरकारी संस्थामार्फत सञ्चालन गरेको लघुवित्त कार्यक्रमलाई छुट्टै रुप दिन निर्देशन गरे बमोजिम लघुवित्त कार्यक्रमलाई सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था स्थापना गरि हस्तान्तरण गरे पश्चात संस्थाले अनेक आरोह, अवरोहको सामाना गर्नुपऱ्यो । विचको केही समय करको विषयमा नेपाल सरकारसंग मुद्दा मामिला गर्नुका साथै सामाजिक विकास संस्थालाई कर लगाउन नहुने विषयमा लविङ भै रहयो जसका कारण संस्था करिव १ वर्ष नविकरणनै हुन सकेन । बैंक खाताहरु रोक्का भए । नेपाल राष्ट्र बैंकको अनुगमनमा आएका निर्देशक लुमाकान्त भट्टराई लगायतको टिमबाट पूर्वाग्रही ढंगबाट लघुवित्त वित्तीय संस्थाको साधारण सभावाट समेत सिवाईसीलाई दिनुपर्ने भनी निर्णय भएको २ करोड ५० लाख रुपैया समेत नदिई राखेको राजनीतिक पूर्वाग्रहको समेत सामना संस्थाले गर्नुपऱ्यो । यीनी र यस्तै समस्याहरुलाई दृढता र धैर्यतापूर्वक सामाना गर्दै संस्थालाई नीति, विधि र प्रविधिको प्रधानता भित्र सञ्चालन गर्न सकियो ।

सभाले आज यो नीति तथा कार्यक्रम तय गर्ने समयसम्म हामीले गत विगतमा सञ्चालन गरेका कार्यक्रमहरुलाई निरन्तरता दिनुका साथै महिला, युवा र दलित केन्द्रित कार्यक्रमहरुलाई प्राथमिकतामा राखेका छौं । स्थानीय निकाय र नेपाल सरकारका विभिन्न तह र तप्काहरुसंग समन्वय सहकार्य गर्दै नेपालीका गौरवका विषयहरुलाई प्रवर्द्धन गर्न संस्थाले महत्वपूर्ण भूमिका खेल्ने विश्वासका साथ यो अवस्थासम्म ल्याई पुऱ्याउनुका लागि खट्ने जुट्ने सबैप्रति आभार व्यक्त गर्दै संस्थाको प्रगतिको कामना गर्दछ । संस्थाले लिएको प्रस्तावित नीति कार्यक्रमले विकासको पहुँचबाट टाढा रहेका वर्गहरुलाई सम्वोधन गर्न सक्ने अपेक्षा र विश्वासका साथ पुन अर्को संस्करणमा भेट्न बाचा सहित लेखनीलाई अन्त गर्दछु ।

**जय सिवाईसी !**

# संस्थाको परिचय

**संस्थाको ऐतिहाँसीक पृष्ठभुमी**

चारतारे युवा क्लव नेपाल, सम्पूर्ण राष्ट्रप्रेमी समाजसेवी, विकास प्रेमी सवै प्रकारको अन्याय अत्याचारको विरुद्ध दृढताका साथ अघि बढ्ने न्यायपूर्ण सु-संस्कृत समानतामा आधारित सुदृढ र आत्मनिर्भर समाजको निर्माण गर्ने चाहना भएका नेपालीहरुको साझा संस्था हो । साविकको तित्याङ्ग गा.वि.स वडा नं ९ अदुवावारी हालको बा.न.पा.-९ स्थीत पण्डित रवि प्रसाद उपाध्यायको ऐतिहाँसीक घरमा २०४८।०६।२० र २०४९।०६।२० का दिन भएको भेलावाट यो संस्था स्थापनाको परिकल्पनालाई वर्तमान अध्यक्ष चण्डि प्रसाद शर्मा पौडेलको पहलमा साकार पारिएको हो ।

**परिकल्पना :**

मानवीय श्रोतको उच्चतम परिचालन भएको स्वस्थ सामाजिक, आर्थिक शिक्षित, स्वावलम्वी र आत्मनिर्भर समाज ।

**ध्येय :**

- पिछडिएका वर्गहरुको सामाजिक र आर्थिक अवस्थामा सुधार ।
- समुदायमा आधारित संस्थाहरु (CBO), स्थानीय गैर सरकारी संस्थाहरु र (LNGO) को क्षमता अभिबृद्धि गर्ने ।

  सरकारी गैरसरकारी निकाय संग समन्वय गरी प्राप्त श्रोत साधनको उपयोग एवं सदुपयोग गर्दै स्थानीय श्रोत साधनको अधिकतम परिचालन तथा व्यबस्थापनबाट दिगो र संस्थागत विकास ।
- संस्थाद्वारा संचालित कार्यक्रमहरुलाई अन्य संघसंस्थाहरुसंग प्रभावकारी समन्वय गरी प्रजनन् स्वास्थ्य तथा सामुदायिक विकासका कार्यक्रमहरु संचालन गरी जनस्वास्थ्यमा सुधार ल्याउने ।

**लक्ष्य :**

- उत्प्रेरणा स्वावलम्बन एवं सशक्तिकरणका लागि प्राप्त हुने वा हुन सक्ने अवसर र वातावरण सृजना गर्ने ।
- विद्यमान ज्ञान, सीप र धारणामा समयानुकुल परिवर्तन गर्ने ।
- सामाजिक परिचालनबाट सहभागितामा आधारित विकास प्रक्रियालाई अगाडी बढाई दिगो र संस्थागत विकासका लागि सरकारी, गैरसरकारी र सहकारी संघ संस्थाहरुलाई विकासका लागि अभिप्रेरित गर्ने ।
- सामुदायिक परिचालन कार्यक्रम मार्फत उच्च बाल तथा मातृमृत्युदर घटाउने राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याउने ।

**उद्धेश्यहरु :**

- शिक्षाको महत्व दर्शाउँदै सामाजिक विकासका लागि जनचेतना अभिबृद्धि गर्ने ।
- महिला सशक्तिकरण सम्बन्धि कार्यहरु गर्ने ।
- आयमुलक, रोजगारमुलक र सिपमुलक कार्यक्रमहरु सञ्चालन गर्ने गराउने लगाएतका पछाडि पारे पारिएका वर्गहरुको उत्थानका लागि विविध कार्यहरु गर्ने गराउने ।
- बालबालिका, युवा, महिला जेष्ठ नागरीक र फरक क्षमता भएका हरुका लागि विविध कार्यक्रमहरु संचालन गर्ने, गराउने ।
- सरकारी गैह्र सरकारी संघ संस्था र सञ्जालहरुको क्षमता अभिबृद्धि गर्ने ।
- वातावरणीय सन्तुलन र सवै प्रकारको उर्जा प्रवर्द्धनमा सक्रीय भई काम गर्ने, गराउने ।

- विकास निर्माणका कार्यहरु जस्तो - बाटो, घाटो, बनजंगल, देवालय, सार्वजनिक जग्गा, सिंचाई, कुलो, शौचालय, स्वास्थ्य शिक्षा, उर्जा विकास, सामाजिक संस्कृति, खेलकुद, संचार जस्ता विविध सामाजिक कार्यहरुमा सक्रिय सहभागि भै काम गर्ने, गराउने
- विभिन्न सरकारी, गैह्र सरकारी, राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरु संग भाईचाराको सु-सम्बन्ध अभिबृद्धि गर्दै सहयोगको आदान प्रदान गर्ने ।
- समुह, व्यक्ति र सदस्यहरुको क्षमता अभिबृद्धिका लागि वित्तिय कारोवार संचालन गर्ने, गराउने ।
- दिगो भू -व्यबस्थापनका प्रकृयाहरु अवलम्वन गरी आत्मनिर्भर व्यवसायीक कृषि विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सामाजिक परिचालनको माध्यमबाट गरिवी न्यूनिकरण, सामाजिक सुरक्षा र प्रजनन् स्वास्थ्य लगाएतका कार्यहरु गर्ने गराउने ।
- जलवायु परिवर्तनवाट हुने असरहरु न्युनिकरण सम्वन्धि कार्यहरु गर्ने ।
- समुदाय तथा संस्थाका सदस्यहरुलाई उपभोग्य सामाग्री उपलब्धताका लागि आवश्यक कार्यहरु गर्ने ।
- भविष्यका कर्णधार र वर्तमानका साझेदार युवाहरुको विकाससंग सम्वन्धित कार्यहरु सञ्चालन गरी सामाजिक पुँजीको अभिबृद्धि गर्ने, गराउने ।
- सुचना सञ्चार, प्रकाशन र प्रसारणको माध्यमवाट समुदायको शशक्तिकरण गर्ने ।

**मुख्य नारा, मन्त्र, काम, रणनीति, समन्वय, सहजिकरण, कार्यशैलि र प्रतिवद्धता**

- **मुख्य नारा** : सामाजिक एकता, आजको आवश्यकता ।
- **मुख्य मन्त्र** : सुचना, संगठन, बचत र सीप ।
- **मुख्य काम** : माटो, बाटो, पानी खाल्टो ,"शिक्षा, स्वास्थ्य, लघुवित्त वाट उज्यालो भविष्य" ।
- **रणनिती** : राम्रो काम फैलाउने, नराम्रो काम औंल्याउने ।
- **समन्वय** : १२ महिना १२ भेट विकास सुचना अप टु डेट ।
- **सहजिकरण** : विकासमा महिला, सहजिकरण, सहभागिता र पारदर्शितामा पहिला
- **कार्यशैलि** : रहरले काम गर्छौ, हाँसेर सेवा गर्छौं ।
- **प्रतिवद्धता** : काम वाडौं, आजको काम आजै गरौं, भोलि भन्न छाडौं ।

**मानवीय श्रोत**

- संरक्षक, सल्लाहकार र संचालक गरी १४ जनाको संचालक समिति ।
- आजीवन र विशिष्ठ गरी १३९७ जना संस्थाका सदस्यहरु ।

**सम्मान तथा कदर**

- संस्थाले सामाजिक विकासमा नविनतम कामहरुको माध्यमबाट समाजमा छुट्टै पहिचान र छवि बनाएको छ । धैरैको बुझाईमा सामाजिक संस्था भनेको चारतारे युवा क्लव, CYC नेपाल जस्तो हुनुपर्दछ भन्ने परेको छ । आफ्नै श्रोतमा नियमित, निरन्तर सञ्चालन, स्थानीय श्रोत साधनको अधिकतम परिचालन, युवा परिचालन, मास परिचालन, समय व्यवस्थापन जस्ता कुरामा संस्था ब्राण्ड नै बनेको छ । यिनै नविन कर्मले गर्दा संस्थो विभिन्न निकायबाट सम्मान र पुरस्कार प्राप्त गरेको छ । मुख्य मुख्य पुरस्कार र कदरहरु यस प्रकार रहेका छन् :

| क्र.स | पुरस्कृत गर्ने निकाय | पुरस्कृत विवरण | अवसर |
|---|---|---|---|
| १ | नेपाल सरकार राष्ट्रिय सरसफाई कार्य सञ्चालन समिति, राष्ट्रिय सरसफाई सप्ताह २०५७ | खुल्ला दिसामुक्त गा.वि.स. घोषणा तथा सरसफाईमा उल्लेख्य योग्दान | २०५७ चैत्र ९ देखि १५ सम्म सञ्चालित सरसफाई सप्ताहमा बागलुङ जिल्लामा उल्लेख्य कार्य गरेबापत |
| २ | दिगो भु व्यवस्थापन कार्यक्रम/हेल्भेटास नेपाल | कृषि क्षेत्रमा उल्लेख्य कार्य गरेबापत | २४ पौष २०६६ |
| ३ | युएसआईडि/एनडिआई लोकतन्त्र र निर्वाचन पर्यवेक्षण (डयू-नेपाल) | संविधान सभा निर्वाचन २०७० मा स्वयंसेवक परिचालन गरि निर्वाचन पर्यवेक्षणमा उत्कृष्ठ कार्य सम्पादन | संविधान सभा निर्वाचन २०७० |
| ४ | गैर सरकारी संस्था महासंघ नेपाल | असल संस्थागत सुशासन र व्यवस्थापन | ५ अक्टोवर २०१५ |
| ५ | जिल्ला शिक्षा कार्यालय बागलुङ | निशुल्क तथा अनिवार्य आधारभुत शिक्षा सुनिश्चीतता एवं साक्षर बागलुङ जिल्ला घोषणामा योग्दान | साक्षर जिल्ला घोषणा कार्यक्रम ३ आषाढ २०७३ |

**संस्थाको पहलमा स्थापित संस्थाहरु**

- सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. बागलुङ २०६६
- सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल २०७५
- सिवाईसी एग्रोभेट
- सिर्जनशिल युवा केन्द्र
- विपद व्यवस्थापन कार्यदल
- दर्जनौ सहकारी संस्था र सामाजिक विकास संस्थाहरु प्रवर्द्धनमा सहयोग।

**सामाजिक सुरक्षा तथा मानविय समवेदनाका लागि संस्थाद्वारा सञ्चालीत कार्यक्रमहरु**

- जीवन सुरक्षा योजना
- विपद व्यवस्थापन कार्यदल
- सुत्केरी भेटघाट तथा सहयोग
- शैक्षिक सहयोग
- विरामी भेटघाट तथा असाहाय विरामीका लागि सहयोग।
- समवेदना तथा श्रदाञ्जली
- स्टेचर तथा आकस्मीक कोष सहयोग
- आवाश्यक तालिम, गोष्ठिहरु वाट क्षमता अभिवृद्धि सेवा तथा समन्वय
- बुवाआमासंग सिवाईसी नेपाल कार्यक्रम

## कार्यसमिति विवरण :

| क.स | संचालकको नाम | ठेगाना | पद | सम्पर्क फोन |
|---|---|---|---|---|
| १ | पद्मनाथ शर्मा | बा.न.पा २, वागलुङ | संरक्षक | ९८५७६२००६९ |
| २ | चण्डिप्रसाद शर्मा पौडेल | बा.न.पा. - ९ बागलुङ | अध्यक्ष | ९८५७६२०१४६ |
| ३ | लक्ष्मण खड्का | बा.न.पा. - ९ बागलुङ | उपाध्यक्ष | ९८४७६६७७२२ |
| ४ | वीर वहादुर किसान | बा.न.पा -२, माझकोट | सचिव | ९८४७६२००१२ |
| ५ | गण्डकी थापा अधिकारी | वडिगाड गा.पा.-७ भिमगिठे | सह-सचिव | ९८५७६२९१२६ |
| ६ | बिमला गुरुङ | बा.न.पा. - २, बागलुङ | कोषाध्यक्ष | ९८४७६२२२०५ |
| ७ | गोपाल कुमार शर्मा | बा.न.पा. - ८, बागलुङ | सदस्य | ९८५७६२०७५४ |
| ८ | सीता शर्मा | बा.न.पा. - ९, बागलुङ | सदस्य | ९८५७६२०७१८ |
| ९ | ओमप्रकाश पौडेल | बा.न.पा. - ९, बागलुङ | सदस्य | ९८५७६३१०४८ |
| १० | किरण थापा | बा.न.पा. - ९ बागलुङ | सदस्य | ९८५७६२५५५८ |
| ११ | रेशमवहादुर के.सी. | बा.न.पा.-११, वागलुङ | सदस्य | ९८५७६२०१३१ |
| १२ | देव वहादुर श्रेष्ठ | बा.न.पा -२, बागलुङ | सल्लाहाकार | ०६८५२०१९२ |
| १३ | जगन्नाथ आचार्य | बा.न.पा -४, बागलुङ | सल्लाहाकार | ९८५७६२०७९४ |
| १४ | ईन्द्रराज पौडेल | जैमीनी न.पा.-८, बागलुङ | सल्लाहाकार | ९८४७७२९५३६ |

## संस्थाद्वारा सञ्चालन भएका कार्यक्रमहरुः

- लघुवित्त कार्यक्रम (हाल सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्थामा हस्तान्तरण भएको)
- दीगो भू-व्यबस्थापन कार्यक्रम ।
- किसान किसान कृषी प्रसार कार्यक्रम ।
- स्वास्थ्य अधिकार तथा सुर्ति नियन्त्रण कार्यक्रम ।
- ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम ।
- सुमार्ग कार्यक्रम ।
- समयदान तथा समय व्यवस्थापन कार्यक्रम ।
- जीवन र जीविका कार्यक्रम ।
- सामूदायिक वन विकास कार्यक्रम ।
- सुरक्षीत मातृत्व कार्यक्रम ।
- युवा आकाश कार्यक्रम ।
- हामी सक्छौं कार्यक्रम ।
- स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम ।
- समुदायमा सिवाईसी कार्यक्रम ।
- विपद व्यवस्थापन कार्यक्रम ।
- पर्यटकिय घोडेटोबाटो निर्माण कार्यक्रम
- बागलुङ बुर्तिवाङ र बागलुङ कुश्मिसेरा मोटरबाटो निर्माणमा सामाजिक परिचालन र वायो ईन्जीनीयरिङ
- समता र पहुँच कार्यक्रम ।

**काम गर्दै जाँदा संस्थामा आएका परिवर्तनहरु**

- पुरुष कर्मचारीहरुलाई सुत्केरी स्याहार विदा ।
- जनशक्ति शव्दको सट्टामा मानवीय श्रोत शव्दको प्रयोग ।
- सानो दुध खाने महिला कर्मचारीका लागि १२.१५ देखी १२.४५ वजे सम्म स्तनपान समय तोकी विशेष सहुलियत प्रदान ।
- सानो वच्चा भएको तथा घरमा कामको वोझ भएका महिला कर्मचारीहरुलाई सामान्यता कार्यालय समय भन्दा १५ मिनेट ढिलो भएपनि गयल नगर्ने गरिएको ।
- महिला कर्मचारीहरुलाई सुत्केरी अगाडि र पछाडि गरी २ महिना तलवी विदा ।
- गर्भवती कर्मचारीलाई महिनामा १ दिन गर्भ परिक्षण विदा
- सुश्री, श्रीमती, श्रीमानको सट्टा श्री मात्र लेख्ने प्रचलन ।
- सभा सम्मेलन तथा अन्य कार्यक्रमहरुमा सम्वोधन गर्दा वा वोल्दा सभापति शव्दको सट्टा अध्यक्ष र सभाध्यक्ष जस्ता शदको प्रयोग ।
- सिवाईसीका समिति उपसमितिहरुमा समावेशिकरण ।
- व्याच वितरण गर्दा महिला र पुरुष दुवैलाई सहभागि गराउने गरिएको ।
- आईमाई शव्दको सट्टामा महिला शव्दको प्रयोग ।
- सभा सम्मेलन आदिमा सम्वोधन गर्दा महिला तथा सज्जनवृन्द शव्दको सट्टामा दाजुभाई दिदीवहिनी भनेर सम्वोधन ।

**सिकाईहरु**

- संस्थाद्वारा संचालित कार्यक्रम सहयोगी निकायले सहयोग गर्ने वेलासम्म मात्र चल्ने होईन त्यस पछाडि पनि चल्ने गरी योजना तथा कार्यान्वयन गर्नुपर्दछ ।
- परनिर्भर मुखी नबनी आत्मनिर्भरताका उपायहरु संचालनमा ल्याउनु पर्दछ ।
- स्थानिय श्रोत र साधानमा आधारित कार्यक्रमहरु चिरस्थायी दिर्घजीवी हुने रहेछन्
- नेपालको विकासमा पैसाको खाँचो होईन विचारको खाँचो रहेछ ।
- संस्थाको निरन्तर संचालनका लागि Social Security मा काम गर्नु पर्दो रहेछ ।
- स्थानीय स्तरमा उठाएका सवालहरु राष्ट्रिय मुद्दा वन्न सक्ने रहेछन् ।
- युवाहरुको विदेश पलायन रोक्न कृषि क्षेत्रको समग्र विकास गर्नुपर्दछ ।
- युवा वेच्ने होईन उत्पादन वेच्नु पर्दछ ।

# चारतारे युवा क्लव नेपालको आर्थिक वर्ष २०७६।०७७ को वार्षिक प्रगति प्रतिवेदन र आर्थिक वर्ष ०७७/०७८ को प्रस्तावित नीति तथा कार्यक्रमः-

अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, आदरणीय संरक्षक तथा सल्लाहाकारज्यूहरु, विशिष्ठ अतिथि ज्यूहरु, अतिथि ज्यूहरु, विभिन्न कार्यालय एवं संघ संस्थावाट आउनुभएका प्रमुख एवं प्रतिनिधिज्यूहरु, संस्थाका विशिष्ठ, आजीवन र सहयोगि शुभेच्छुक सदस्यज्यूहरु, पत्रकार मित्रहरु लगायत विभिन्न तह र तप्कावाट यहाँ उपस्थित महानुभावहरु ,

सर्वप्रथम म यस चारतारे युवा क्लव सिवाईसी नेपाल बागलुङको आ.व. ०७५/०७६ को प्रगति प्रतिवेदन र आ.व. ०७६/०७७ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित बनेको छु ।

**अध्यक्ष महोदय, आदरणीय सभासदज्यूहरु,**

२०४८/०६/२० मा साविकको तित्याङ ९ अदुवावारी स्थित स्व. पण्डित रविप्रसाद उपाध्यायको ऐतिहाँसिक घरमा सूचना, संगठन, वचत र सीपको चारतारालाई मूल मन्त्र बनाई माटो, वाटो, पानी, खाल्डो जस्ता कार्यक्रमहरुको उद्घोषका साथ समाज रुपान्तरणको पुनित उद्देश्यका लागी स्थापित **सिवाईसी** आज आफ्नो आयतन र आयामलाई वढाँउदै **सिवाईसी नेपाल** वन्न सफल भएको छ । प्रारम्भमा मानवीय श्रोतको उच्चतम परिचालन भएको शोषण रहित आत्मनिर्भर समाजको निर्माण गर्ने परिकल्पना राखी स्थापित यो संस्था जन्मको हिसावले २७ वर्ष पुरा भै २८ वर्षमा लागिरहेछ । यस अवधिसम्म अनेक आरोह अवरोहका वावजुद संस्थालाई यो अवस्थासम्म ल्याई पुर्‍याउन महत्वपूर्ण भूमिका खेल्ने संस्थापकहरु कोही अलविदा भै सक्नु भएको छ, कोही अझै खटीरहनु भएको छ र कोही सुस्त अवस्थामा रहनुभएको छ यस क्षणमा म उहाँहरुप्रति स्मरण र सम्मान गर्न चाहान्छु । विगत र वर्तमानका कार्यसमिति पदाधिकारी सदस्यज्यूहरु, उपसमितिहरु, सरकारी, सहकारी संघ संस्था तथा कार्यालयहरु, हाम्रो सेवाका हकवालाहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, पत्रकार मित्रहरु लगायत प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण प्रति आभार एवं कृतज्ञता प्रकट गर्दछु ।

तित्याङको सिमित भुगोलबाट शुरु भएर देशव्यापी बनेको चरतारे युवा क्लव सिवाईसी नेपालले प्रत्यक्ष रुपमा १६ जिल्लामा काम गरिरहेकोमा रुपान्तरण पछाडि नेपालका ४० भन्दा वढि जिल्लामा संस्थाबाट प्रवर्तित लघुवित्त कार्यक्रमलाई विस्तार गरिएको छ । वलियो आत्मनिर्भर र दिगो वित्तीय संस्था बनाउने अभिप्रायले ५८ करोड भन्दा वढि कोष सहित लघुवित्त कार्यक्रम सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था स्थापना गरि रुपान्तरण गरे पश्चात संस्था अत्यन्त कठिन क्षणबाट गुज्रीरहेको छ । लघुवित्त कार्यक्रमबाट सिर्जीत करको दायीत्व समेत वहन गर्नु परेकाले संस्थाका सदस्यहरुले तिरेको सदस्यता शुल्क, मुष्ठिदान, मासिक अनुदान कार्यक्रमबाट प्राप्त सहयोग र स्वयंसेवी काम गरेर स्थापना गरेको कोष समेत करको भुक्तानीमा खर्चिनु पर्‍यो । करछुट प्रमाण-पत्र प्राप्त संस्थालाई एक्कासी कर लगाएर राज्यले प्रदर्शन गरेको अमानवियताले हामी जस्ता त्यागी समाजप्रतिको उत्तरदायीत्व वोध गरेका संस्थाहरुको भावनामा चोट पर्‍यो । यति हुंदाहुँदै पनि संस्थाको नाममा बाँकी बक्यौत भुक्तानी गर्नुका साथै संस्थालाई नियमित सञ्चालन गर्न सकियो । यो हामी सबैको गर्वको विषय हो ।

**अध्यक्ष महोदय, आदरणीय सभासद्ज्यूहरु**

अब म यस संस्थाले आ.व. ०७५।०७६ मा सम्पन्न गरेका कार्यहरुको प्रगति र हाँसील उपलव्धीहरुलाई निम्नानुसार क्रमिक रुपमा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## १. सांगठानिक स्वरुप :-

CYC नेपाल वर्तमानमा १ संरक्षक, ९ सदस्यीय प्रतिनिधिमूलक कार्यसमिति र ३ सदस्यीय सल्लाहाकारको संरचनामा सञ्चालित छ। विभिन्न पदमा गरी ३ जना कर्मचारीहरु, १ वटा कार्यालय मार्फत यस संस्थाका कार्यक्रमलाई छिटो छरितो र विकेन्द्रित रुपमा संचालन गरिएको छ ।

## २. सदस्यता :-

संस्था यो अवस्था सम्म आईपुग्दा आजीवन १६८५, विशिष्ट ४९९ गरी जम्मा जना २१८४ सदस्यहरु रहेका छन् । सदस्यता खुल्ला राखीएको छ ।

## ३. कार्य संचालन प्रकृया :-

संस्थाका हकवाला सदस्यहरुलाई स्थानीय स्तरबाटै संगठित संयन्त्रमा आवद्ध गराउने अभिप्रायले प्रत्येक टोल टोलमा समूह, केन्द्र, गाउँपालिका तथा नगरपालिकास्तरमा महिला र युवा विकास सञ्जाल, सहकारी र कृषि विकास समिति, अगुवा कृषक, स्थानीय संवाददाता प्रवक्ता तथा वडा स्तरमा वडा स्तरीय संजाल, गा.पा/न.पामा गा.पा.तथा न.पा.स्तरिय संजाल गरी जिल्ला संजाल हुँदै मुख्य कार्यालयसम्मको सम्पर्क समन्वय र सहकार्यलाई प्रभावकारी वनाईएको छ । संस्थाका कार्यक्रमहरु यिनै समूह, केन्द्र समिति र संजाल मार्फत संचालन गरिएको छ ।

## ४. संस्थागत आवद्धता :-

यो संस्था जिल्ला प्रशासन कार्यालय बागलुङमा मिति ०४९/०६/२६ दर्ता नं ५४, समाज कल्याण परिषद् काठमाण्डौ आवद्धता नं ११६९, नेपाल राष्ट्र बैंक दर्ता नं ५, लघुवित्त संघ नेपाल, गैर सरकारी संस्था महासंघ नेपाल दर्ता नं २०, शान्तिका लागि साझा अभियान (COCAP) काठमाण्डौ र सुरक्षित मातृत्व सञ्जाल महासंघ नेपाल, स्वावलम्वन विकास केन्द्र CSD काठ्माण्डौ, राष्ट्रिय युवा परिषद नेपाल दर्ता नं. ००३४५ लगायतका राष्ट्रिय स्तरका संस्था तथा निकायहरुमा दर्ता तथा आवद्ध भै आफ्नो संस्थागत आधारहरुलाई सवल रुपमा प्रस्तुत गरिरहेको छ ।

## ५. प्रशासनिक स्वरुपः-

CYC नेपालमा हाल विकास तथा परियोजना गरी कूल ३ जना पूर्णकालीन कर्मचारीहरु रहेका छन् । संस्थाको दैनिक प्रशासनिक कार्यको लागि सहायक अधिकृत तथा निज अन्तर्गत विभिन्न कार्य सञ्चालन भैरहेको छ । निर्माण तहमा वार्षिक साधारण सभा कार्यान्वयन तहमा कार्यसमिति तथा उपसमितिहरु रहेका छन् ।

## ६. संस्थाको सर्वोच्चता र कार्य समितिः-

संस्थाको साधारण सभा सर्वोच्च निकायको रुपमा रहेको छ । हरेक ५/५ वर्षमा हुने अधिवेसनबाट निर्वाचित हुने कार्यसमितिबाट संस्थाको कार्यसम्पादन हुदै आईरहेको छ भने संस्थालाई विभिन्न विषयगत क्षेत्रमा अगाडि बढाउन संस्थाका सदस्यहरुको विशेषज्ञताको आधारमा सल्लाहाकारहरुको मनोनयन र

विषयगत उपसमितिहरुको गठन भएको छ । यस अवधिमा कार्य समितिको बैठक १० पटक बसी विभिन्न रचनात्मक निर्णयहरु गरी कार्यान्वयनमा ल्याईएको छ

## ७. संस्थागत र नीतिगत आधारहरु :-

सिवाईसी नेपालले आफूलाई संस्थागत बनाउदै हालसम्म निम्नानुसारका नीति नियम र निर्देशिकाहरु निर्माण गरी सोही नीति नियम र निर्देशिकाको आधारमा संस्था संचालित छ ।

१. संस्थाको विधान-२०४९
२. कर्मचारी प्रशासन नियमावली-२०५५
३. सभा सञ्चालन कार्यविधि-२०५६
४. आर्थिक प्रशासन नियमावली-२०६०
५. जीवन आवस तथा सामाजिक सुरक्षा कोष कार्यान्वयन निर्देशिका-२०६०
६. निर्वाचन निर्देशिका-२०६६
७. अक्षयकोष स्थापना तथा व्यवस्थापन निर्देशिका-२०६८
८. कर्मचारी संचय कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०७२
९. समयदान तथा समय व्यवस्थापन निर्देशिका २०७४

## ८. सूचना प्रकाशन र प्रसारणः-

संस्था दिन प्रतिदिन विशाल बन्दै गईरहेको सन्दर्भमा सुचनालाई अध्यावधिक गर्ने कार्यमा नयाँ नयाँ प्रविधिहरुले महत्वपूर्ण भूमीका खेल्दै आईरहेका छन् यी नयाँ नयाँ प्रविधिको प्रयोग गरी संस्थाले आफुले गरेका कार्यहरुलाई प्रचार प्रसार, प्रकाशन र प्रसारण गरिरहेको छ । संस्था जीवन्तता, गतिशीलता र परिकल्पना अनुसारको लक्ष्यमा गुणात्मक फड्को मार्नका लागि निश्चित रुपमा व्यवस्थित सूचना प्रणाली, प्रकाशन, प्रसारण र सम्प्रेषणमा भर पर्दछ यस वस्तु तथ्यलाई आत्मसात् गर्दै सिवाईसी नेपालले सूचना र प्रकाशनको छुट्टै विभाग स्थापना गरी क्रियाशील बनाएको छ। संस्थाले गरिरहेका कार्यहरुलाई आफ्नो फेसबुक पेज तथा रेडीयो टेलीभिजन,वेवसाईट, पत्र पत्रीका तथा अनलाईन पत्रीकाको माध्यमवाट प्रचार प्रसारको कार्य गरिरहेको छ । संस्थाले वार्षिक रुपमा **ग्रामीण कन्दरा** नामक मुखपत्र प्रकाशित गर्दै आईरहेको छ । यसलाई त्रैमासिक रुपमा प्रकाशन गरी सफलताका कथाहरु खोजमूलक प्रकाशन, कृषिसंग सम्बन्धित पुस्तिकाहरु र विभिन्न विषयका समसामयिक पोष्टर, भित्ते पात्रो, पम्पलेट, फल्याक्स प्रकाशन भईरहेका छन् ।

## ९. तालिम तथा शिक्षा

संस्थाले आफ्नो कार्यक्रम संचालनका क्रममा संस्थाका हकवालाहरुलाई क्षमता विकास र सिप विकासका लागि मौसमी वेमौसमी तरकारी खेती गोठे/कम्पोष्टमल व्यवस्थापन, प्लाष्टिक घरमा तरकारी खेती, कृषक हक अधिकारका लागि कृषि सम्मेलन, अनुभवी अगुवा कृषक छनोट र तालिम, कृषि विकास समिति गठनमा सहजीकरण, सिलाई कटाई, व्युटी पार्लर, विद्युत जडान, च्याउँखेती, अगरवत्ति निर्माण, मुढा वुनाई, स्वास्थ्य अधिकार तथा सुर्तिजन्य वस्तु नियन्त्रण सम्वन्धि कार्यशाला, उद्यमशीलता विकास, सहकारी शिक्षा, पशुपालन, क्रिष्टल गहना निर्माण सम्वन्धि तालिम, । सकरात्मक अध्ययन शैली तथा नेतृत्व विकास तालिम, संस्था कार्यसमिति तथा कर्मचारीविच अन्तरक्रिया कार्यक्रम, सकरात्मक सोच विकासका लागी अन्तरक्रिया, लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तराष्ट्रिय युवा दिवस, सकरात्मक सोच र उद्घोषण तालिम हकवालाहरुका लागी निशुल्क स्वास्थ्य, शिविर संचालन, आवश्यक तालिम तथा गोष्ठीहरु संचालन गरिएको छ । यस अवधिमा संस्थाद्वारा सञ्चालीत मुख्य

तालिम कार्यक्रम तथा संस्थाको प्रतिनिधित्व गरेर अन्य संघ संस्थाले आयोजना गरेका तालिम कार्यक्रममा भएको सहभागिताको विवरण ।

## १०. अध्ययन अवलोकन भ्रमण

संस्थाद्वारा संचालित कार्यक्रमलाई सुदृढ, थप प्रभावकारी र उत्कृष्ट रुपमा संञ्चालनका लागी संस्थामा कार्यसमिति पदाधिकारी, सदस्यहरु र संस्थामा कार्यरत २ जना कर्मचारी बाह्य संघ/संस्थाहरुले संचालन गरेको कार्यक्रमको तौर तरिका तथा संचालन प्रकृया, अनुभव र प्रयोगहरुको जानकारी लिने अभिप्रायले अध्ययन अवलोकन भ्रमण गरि संस्थागत विकासका लागी जोड दिइयो ।

## ११. वित्तीय साक्षरता कार्यक्रम

सदस्यहरुलाई फजुल खर्च हुनबाट जोगाउने आम्दानी हेरेर मात्र खर्च गर्ने बानी बनाउने अभिप्रायले ३ वटा वित्तीय साक्षरता तथा पारीवारीक बजेट निर्माण तालिमबाट १०० जनालाई सहयोग पुऱ्याईएको छ ।

## १२. आत्मनिर्भरता लागि चालिएका प्रयासहरु

संस्था दिगो र जीवनत हुन आत्मनिर्भर र स्वावलम्वी वन्नु पर्दछ परमुखापेक्षीपन र दातामुखी धारणा चिन्तन वन्न सक्दैनन् यही कुरालाई आत्मसात गर्दै सिवाईसीले आफुलाई निम्न योजना र कार्यक्रमका साथ स्वावलम्वी वनाउदै लगिरहेको छ ।

### जग्गा खरीद तथा भवन निर्माण कोष

CYC कार्यसमिति, कर्मचारीहरुको पहलमा शुरु गरिएको यो कार्यक्रमलाई विस्तार गरी यस कोषवाट संस्थाको नाममा  वागलुङ नगरपालिका वडा नं ३ मा ०-६-२-४ क्षेत्रफलको जग्गा रु. ११००००००।- अक्षरुपी एक करोड दश लाख रुपैयामा खरीद गरीएको छ । संस्थाको भवन निर्माणका लागि हकवाला, संस्था कार्यसमिति, कर्मचारी, समाजसेवी, सरकारी, सहकारी, गैरसरकारी, संघ संस्थाहरुसंग सहयोग र समन्वयको लागि पहल भै रहेको छ ।

- **अक्षयकोषः**

  विदेशीहरुले आफ्नो खानाको पैसा कटाएर विकासे अभियान संचालन गरेको तथ्यलाई आत्मसाथ गरी सधै परनिर्भरताको आरोप लाग्ने गरेका गै.स.स. हरुलाई आत्मनिर्भर बनाउने अभिप्रायले पुराना पत्रपत्रिकाको संकलन गरी विक्री गर्ने, मुष्टिदान, मासिक अनुदान, सदस्यता शुल्क तालिम शुल्क आदिबाट जम्मा गरिएको यो कोषमा रु. ८५८९७६५५.५२ पुऱ्याईएको छ ।

- **संस्थागत विकासकोष**

  संथालाई दीगो र आत्मनिर्भर रुपमा सञ्चालन गर्नका लागि संस्थागत विकास कोषको स्थापना गरिएको हो । यसवाट संस्था परनिर्भरताबाट मुक्त हुने अपेक्षा राखिएको छ ।

- **जीवन तथा आवास सुरक्षा योजना**

  सिवाईसी नेपालको वर्तमान कार्यसमितका पदाधिकारी, पुर्व कार्यसमितिका पदाधिकारी सदस्यहरु र संस्थाका कर्मचारी तथा आजिवन विशिष्ट सदस्यहरुलाई असजिलो परेको अवस्थामा उनिहरुलाई सहयोग पुऱ्याउने अभिप्रायका साथै दैवि प्रकोप राहात, स्वास्थ्य परीक्षण, लगायत संस्थाले आवश्यक ठानेका विधाहरुमा सहयोग गर्ने उदेश्यका साथ जीवन तथा आवस सुरक्षा योजना निमाण गरि अगाडि बढ्ने योजना गरेको छ ।

## १. दीगो एवं सहभागितात्मक कृषि विकास कार्यक्रम :-

- कृषकहरुलाई तालिम तथा विउ वितरण गरिएको छ ।

- सरोकारवाला निकायसंगको समन्वय तथा सहकार्यमा वागलुङ नगर क्षेत्रमा रहेका लघुवित्त केन्द्रहरुमा आवद्ध सदस्यहरुका लागी लागि सुन्तला, कागती, राई खन्नीम, फलफुल र डालेघासका विरुवा वितरण गर्ने कार्य भएको छ ।
- संस्थाद्वारा विकास गरिएका अनुभवि अगुवा कृषकहरुसंग समन्वय सहकार्य गरिएको छ ।

**२. महिला संजालको क्षमता अभिवृद्धि कार्यक्रमः-**

- महिला हिंसा विरुद्धको अभियान, नारी दिवस, सुरक्षित मातृत्व सम्वन्धि अभियान  र अन्य विभिन्न दिवस तथा अभियान र  कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- समान कामका लागि समान दाम भन्ने सिवाईसीको अभियानलाई यस वर्ष पनि विविध कार्यक्रमहरु गरी महिला पुरुषमा ज्यालामा देखिएको असमानता हटाउन पहल गरिएको छ ।
- महिलाहरुको स्वास्थ्य अवस्थालाई विशेष ध्यान दिई सुरक्षित मातृत्व सम्वन्धी जनचेतना जगाउने अभियान सञ्चालन गरिएको छ साथै गर्भावस्था र प्रसव अवस्थामा उचित वातावरण सिर्जनाको लागि परामर्श तथा आर्थिक सहयोग उपलव्ध गराईएको छ ।

**३. स्वास्थ्य अधिकार तथा सुर्तीजन्य वस्तु नियन्त्रण कार्यक्रम**

- सुर्ति नियन्त्रण तथा नियमन ऐनलाई प्रभावकारी कार्यान्वयन गराउन संस्थाद्वारा सञ्चालीत अन्य कार्यक्रमहरुमा पनि यो विषयलाई समावेश गरी जानकारी गराउने गरिएको छ ।
- युवाहरुको संजाल मार्फत सुर्तीजन्य पदार्थहरु न्यूनिकरण र निःशुल्क स्वास्थ्य सेवाको लागि उचित वातावरण सिर्जना गरिएको छ ।
- सार्वजनीक स्थलमा धुम्रपान गर्नेहरुको संख्या घटेको छ । विवाह, भोज, भतेरहरुमा चुरोट राख्ने प्रचलन घटेको छ ।

**४. स्वास्थ्य तथा सरसफाई कार्यक्रम**

- शौचालय नभएका परिवारहरुका लागि पक्की शौचालय निर्माणका लागि जानकारी गराईएको छ ।

**५. दलीत सशक्तीकरण कार्यक्रम**

- समाजमा विद्यमान जातीय विभेद छुवाछुत तथा वालीघरे प्रथा उन्मुलनका लागि विभिन्न कार्यक्रम तथा अभियानहरु सञ्चालन गरिएको छ ।

**८. समयदान तथा समय व्यवस्थापन कार्यक्रम**

समयको सहि सदुपयोग र व्यवस्थापन हुन नसकेको कारण गरिवी वढेको हो तथा काममा सुस्तता आएको हो भन्ने मान्यताले सिवाईसीले समयदान र समय व्यवस्थापन निर्देशिका तयार पारी लागु गरेको छ ।

- समुहको माध्यमवाट विद्यालय भवन निर्माणमा सहयोग, मर्मत, सामुदायीक भवन निर्माण, चौतारी निर्माण मर्मत, वाटोघाटो निर्माण मर्मत जस्ता कार्यहरु स्वंयसेवी रुपमा सञ्चालीत रहेका छन् ।
- सिवाईसी नेपालका कार्यक्रमहरु जहिले पनि समयमै शुरु हुने गरेका छन् भने आम समुदायमा सिवाईसीका कार्यक्रमहरु समयमै सञ्चालीत हुन्छन् भन्ने छाप परेको छ ।
- वर, पिपल, वेल, स्वामीका विरुवा रोपण गरिएको छ ।
- माटे पोखरी निर्माण र भै-रहेका पोखरीहरुको संरक्षण गरिएको छ ।

### ०९. समुदायमा सिवाईसी कार्यक्रम

- समुदायमा रहेका साना-साना स्वास्थ्य समस्याहरुलाई मध्येनजर गर्दै सिवाईसीले यस वर्ष समुदायमा सिवाईसी कार्यक्रम मार्फत कार्यक्षेत्र भित्रका विभिन्न ठाउँमा दैवि प्रकोप र विपदको बेला आवश्यक सहयोग उपलब्ध गराएको छ ।
- दैवि विपत्ती र प्रकोपहरुमा तुरुन्त राहात प्रदान गर्नका लागि स्वंयसेवी समुह गठन र परिचालनको कार्य शुरु गरिएको छ ।
- यातायातको असुविधा भएको ठाउँमा विरामी बोक्नको लागि स्टेचर र आकश्मीक कोषको व्यवस्था मिलाईएको छ ।

**अध्यक्ष महोदय, उपस्थिीत सभासदज्यूहरु,** यसरी सिवाईसी नेपालले समाज उपयोगी र जीवन उपयोगी कामवाट आफुलाई संस्थागत गरीरहेको पृष्ठभुमिमा यस संस्थावाट **आ.व ०७६/०७७ मा संचालन गरिने प्रस्तावित निती तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

## आ.व. ०७६।०७७ मा सञ्चालन गरिने प्रस्तावित कार्यक्रमहरु

हामी यो प्रस्तावित कार्यक्रम निर्माण गर्ने क्रममा नेपाली गैर सरकारी संघ संस्थाहरुलाई लाग्ने गरेको परनिर्भरताको आरोपको समूल नष्ट गर्न र संङक्रमणकालीन अवस्थामा नागरिकका हक अधिकार र गैरसरकारी संस्थाको भूमिकामा समेत हुन सक्ने समय सान्दर्भिक परिवर्तनलाई मध्यनजर राखेर प्रस्तावित कार्यक्रम तयार पारेका छौ । समाजमा ह्रास हुँदै गईरहेको सामाजिक पुँजिको जगेर्ना तथा नैतिक मूल्य र मानवीय व्यवहारको सन्देश प्रवाहको लागि चारतारे युवा क्लव नेपालले आफूलाई अझ बढी क्रियाशील बनाउने छ । लोकतान्त्रिक मूल्य मान्यता विधि र व्यवहारबाट संचालित यस संस्थाले यि आचरणहरुको सबै तह र तप्कामा समेत संस्थागत गर्न योगदान पुऱ्याउने छ । मानवीय जीवनका सम्पूर्ण कुराहरुलाई समेट्दै देशको गरिवीसंग जुध्ने कठिन मौकालाई सिवाईसीले अवसरको रुपमा लिएको छ । समय व्यवस्थापन तथा समयदान, समुदायसंग सिवाईसी, सहकारी र सहकार्य सामाजिक परिचालन, दिगो कृषि, संस्थागत र आत्मनिर्भर विकास, महिला सशक्तीकरण, युवा र वाल केन्द्रित विकास यस संस्थाका आदर्श हुने छन् । यिनै आदर्शलाई कायम राख्दै संस्थाद्वारा निम्न कार्यक्रम सञ्चालनका लागि प्रस्ताव गरिएको छ :

- कार्यक्षेत्र अन्तर्गत सम्पूर्ण नगरपालिका तथा गाउँपालिकामा वडास्तरीय महिला समुह गठन गरी सो समुहलाई विकास निर्माणका अन्य क्षेत्रहरुमा परिचालन गरिने छ ।
- संस्थामा आवद्ध आजिवन तथा विशिष्ट सदस्यहरुको उद्यमशिलता विकास र आयआर्जनमा थप टेवा पुऱ्याई सदस्यहरुलाई आर्थिक रुपमा सुदृढ वनाउनका लागी सदस्यको माग बमोजिम चरणवद्ध रुपमा विभिन्न सिपमुलक तालिम संचालनको व्यवस्था मिलाईने छ ।
- विशिष्ट तथा आजिवन सदस्यहरुमा संस्थाले संचालन गरेका कार्यक्रमहरुबाट आएको परिवर्तनको अध्ययन गरिने छ ।

**२. समुदायमा सिवाईसी कार्यक्रमः-**

- समुदायमा रहेका साना-साना स्वास्थ्य समस्याहरुलाई मध्येनजर गर्दै यस वर्ष समुदायमा सिवाईसी कार्यक्रम अन्तर्गत १० वटा स्टेचर वितरण गरिने छ ।

- समुदायमा सिवाईसी कार्यक्रम अन्तर्गत यस वर्ष मुक्तिनाथ हस्पिटल एण्ड रिसर्च सेण्टर प्रा.लि. बागलुङ र अन्य स्वास्थ्य संस्थाहरुको समन्वय र सहकार्यमा विभिन्न ठाउँमा ३ वटा निःशुल्क स्वास्थ्य शिवीर सञ्चालन गरीनेछ ।
- समुदायमा सकरात्मक सोच प्रवर्द्धनका लागि १५० जना सदस्यहरुलाई ३ वटा सकरात्मक सोच सम्वन्धि तालिम गोष्ठिहरु सञ्चालन गरिने छ ।

**३. बैठक तथा अवलोकन भ्रमण**

**क) समिति उपसमितिको बैठकः**

- यस आर्थिक वर्षमा कार्य समितिको बैठक १२ पटक, र अन्य उपसमितिहरुको बैठक कम्तीमा ३ पटक बस्ने गरी व्यवस्था मिलाइने छ ।
- मासिक रुपमा संस्थाको कार्यक्रमको वारेमा प्रगती समिक्षा तथा संस्थाको भावी रणनीतीको योजना बनाउने व्यवस्था मिलाईने छ ।
- यस आर्थिक वर्षमा संस्थाका कार्यसमिति तथा संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको संयूक्त बैठक/अन्तरक्रिया कार्यक्रम गरी एक आपसमा अनुभव आदान प्रदान तथा योजना तर्जुमा गोष्ठिको व्यवस्था मिलाईने छ ।

**ख) अध्ययन अवलोकन भ्रमण**

- संस्थाको कार्यसमिति, कर्मचारी, विशिष्ट र आजिवन सदस्यहरको लागी लागि समन्वय, सहयोग, आपसी सम्वन्ध विस्तार, अनुभव आदान प्रदान, सिक्ने सिकाउने र जानकारी लिने उद्देश्यले बाह्य तथा आन्तरिक सफल संस्थाको अध्ययन अवलोकन तथा प्रमुख प्रर्यटकिय स्थलहरुको भ्रमणको व्यवस्था मिलाईने छ ।

**४) महिला संजालको क्षमता अभिवृद्धि कार्यक्रम**

दशै वटा स्थानिय तहमा महिला समन्वय समिति तथा समुहको क्षमता अभिवृद्धि गरिने छ । महिला हिंसा विरुद्धको अभियानहरु संचालन गरिने छ ।

- समान कामका लागि समान दामको अवधारणा अगाडि बढाइ महिला पुरुषमा ज्यालामा देखिएको असमानता हटाउनका लागि विविध कार्यक्रमहरु संचालन गरिने छ ।

**५) समयदान तथा समय व्यवस्थापन कार्यक्रम :**

- हाम्रा पूर्वजहरुले थालनी गरेको स्वयंसेवाको कार्यहरुलाई निरन्तरता दिने अभिप्रायले विभिन्न समूह, केन्द्र, क्षेत्रका व्यक्तिहरुबाट समय र श्रमदान गरिने छ । यो दानको समयबाट चौतारी, पोखरी, वृक्षारोपण, बाटोघाटो मर्मत निर्माण, चौतारीपोखरीको विवाह, विद्यालय सामुदायिक भवन, केन्द्रघर जस्ता कार्यहरुमा श्रमदान र समयदानवाट प्राप्त रकमवाट दैवि विपत्ती प्रकोपहरु व्यवस्थापन र मानविय संवेदनशिलताका कार्यहरुमा परिचालन गरिने छ ।
- समयमै कार्यक्रम संचालन, समय व्यवस्थापनका लागि जिल्लास्तरको सरोकारवालाहरुसंगको अन्तरकृया तथा दवावमूलक कार्यक्रम संचालन गरिने छ ।

**६) स्वास्थ्य अधिकार तथा सुर्तीजन्य वस्तु नियन्त्रण कार्यक्रमः-**

**यो कार्यक्रम अन्तर्गत यस आ.वमा निम्नानुसारका क्रियाकलाप संचालन गरिने छ ।**

- जिल्ला स्तरीय सरोकारवालाहरुको अन्तरक्रिया गोष्ठि ।
- सुर्तीजन्य वस्तु नियन्त्रणका लागि युवाहरुको भूमिका सम्बन्धी अन्तरक्रिया गोष्ठि

- सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन कार्यान्वयनका लागि दवाव सृजना ।

**७) दीगो विकेन्द्रित एवं सहभागितात्मक कृषि विकास कार्यक्रम :-**

- दीगो कृषि प्रविधि प्रवर्धनका लागि अनुभवी अगुवा कृषकहरुलाई परिचालन तथा क्षमता अभिवृद्धिको नीति अवलम्वन गरिने छ ।
- अर्गानिक खेती प्रणालीलाई बढवा दिन आवश्यक नीति अवलम्वन गरिने छ । कृषि विकासका लागि सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरिने छ । उत्कृष्ट कृषकहरु छनौट गरी एक वटा जिल्ला स्तरको समुह गठन गरिने छ ।
- कृषकहरुको लागि कृषि सामाग्रीहरु, स्पेयर, भारी, मल विउ, विरुवा अनुदान दिने व्यवस्थालाई निरन्तरता दिईने छ ।

**८) व्यावसायिक तथा सिप विकास तालिमः-**

१) व्यवसायिक तथा सीप विकास तालिम केन्द्र, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय बागलुङ ,लगायतका सरकारी तथा गैरसरकारी निकायहरुसँगको सहकार्यमा विभिन्न सीपमूलक तालिम सञ्चालनको व्यवस्था मिलाइने छ ।

२) दैवी प्रकोप, आकास्मीक विपत्तीहरुको व्यवस्थापनका लागि सिवाईसी स्वंयसेवकहरुको परिचालन गरि तत्काल राहत र उद्धार हुने गरी छुट्टै कोषको स्थापना गरी कोष परिचालन कार्यविधि तयार पारी लागु गरिने छ ।

३) सिवाईसी नेपालको भातृ संस्थाको रुपमा सिर्जनशिल युवा काउन्सील (Creative Youth Council)को स्थापना गरि सामाजिक विकास र स्वंय सेवकको रुपमा परिचालन गरिने छ ।

४) प्रजनन् स्वास्थ्य अधिकारका लागि RHCC, जिल्ला जनस्वास्थ्य कार्यालय महिलासंग सम्वन्धित संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरीने छ ।

५) स-साना तथा भैपरी आउने कार्यक्रमहरु संचालनको लागि संस्था प्रमुख मार्फत संचालन हुने गरी साना अनुदान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ ।

६) संस्थाको विद्यमान नीति नियम र निर्देशिकाहरु समय सापेक्ष संसोधन गरिने छ भने आवश्यक नीति नियमहरु तयार पारी कार्यान्वयनमा ल्याईने छ ।

७) मुष्ठिदान कार्यक्रमलाई थप व्यवस्थीत र प्रभावकारी बनाई विपद व्यवस्थापनमा समाहित गरिनेछ ।

८) सिवाईसी नेपालको कार्यालय स्थानान्तरण र व्यवस्थापन गरिने छ ।

**अध्यक्ष महोदय,**

अन्त्यमा यो संस्थालाई सफलता पूर्वक सञ्चालन गर्नका लागि विभिन्न क्षेत्रमा रही सहयोग पु¥याउने सरकारी, गैर सरकारी तथा सहकारी संघ संस्थाहरु, संस्थापकज्यूहरु, संरक्षकज्यू, आदरणीय सल्लाहकारज्यूहरु, सभासदज्यूहरु तथा अन्य सहयोगी शुभेच्छुक साझेदार संघ संस्थाहरुमा हार्दिक कृतज्ञता एवं आभार व्यक्त गर्दछु साथै आगामी दिनहरुमा पनि यस संस्थाको उन्नति प्रगतिमा रचनात्मक सहयोग र सद्भाव प्राप्त भै रहने अपेक्षा राख्दै यो प्रतिवेदन छलफल र स्वीकृतिकोलागि पेश गर्दै विदा चाहन्छु ।

धन्यवाद । जय सिवाईसी

(बीरबहादुर किसान)
सचिव

## चारतारे युवा क्लव सिवाईसी नेपालको आ.व ०७६/०७७ को आर्थिक प्रतिवेदन र आ.व. ०७७/०७८ को प्रस्ताविक आय व्यय विवरण :

अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, संरक्षकज्यू, विशिष्ठ अतिथिज्यूहरु, पत्रकारज्यूहरु, सल्लाहाकारज्यूहरु, आदरणीय विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, सभासदज्यूहरु र उपस्थित सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरु,

यस संस्थाका कोषाध्यक्षको हैसियतबाट आ.व ०७६/०७७ को आर्थिक प्रगति प्रतिवेदन, आ.व. ०७६/०७७ को लेखा परीक्षण प्रतिवेदन र आ.व. ०७७/०७८ को प्रस्तावित आय व्यय विवरण प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु। सर्वप्रथम म आ.व. ०७६/०७७ को अनुमानित, ०७६/०७७ वास्ताविक र ०७७/०७८ को प्रस्तावित आय व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु।

आम्दानी तर्फ

| क. सं. | आय विवरण | अनुमानित रकम | वास्तविक रकम | प्रस्तावित रकम |
|---|---|---|---|---|
| | | ०७६/०७७ | ०७६/०७७ | ०७७/०७८ |
| १ | सदस्य प्रवेश शुल्क | १००००० | ० | १००००० |
| २ | बैक व्याज आम्दानी | १६०००००० | २२८४३९१९.३ | २०००००००० |
| ३ | अनुदान आम्दानी | १००००० | ० | १००००० |
| ४ | प्रथमिक स्वास्थ्य सेवा केन्द्र/जिल्ला युवा समितिवाट प्राप्त अनुदान | ७५००० | ० | ७५००० |
| ५ | शेयर लाभांश प्राप्त | १३५००० | २७००० | १३५००० |
| ६ | विविध आम्दानी | २००००० | १२१०१७७.११ | २००००० |
| | **कुल आम्दानी** | **१६६१००००** | **२४०८१०९६.४१** | **२०६१००००** |

**खर्च तर्फ**

| क. सं. | व्यय विवरण | अनुमानित रकम | वास्तविक रकम | प्रस्तावित रकम ०७७/०७८ |
|---|---|---|---|---|
| १. | कर्मचारी तलव भत्ता खर्च | ४८६४६०८४ | ६६५७०० | १०००००० |
| २. | पोशाक | १४११००० | ८००० | ५०००० |
| ३. | कर्मचारी उपदान कोष खर्च | १५००००० | ० | ० |
| ४. | कर्मचारी संचित विदा | १५००००० | ० | ० |
| ५. | विमा खर्च | ८१७५०० | ३०१५०१ | ३००००० |
| ६. | घरभाडा | ३८५९४८२ | १९२००० | २००००० |
| ७. | दैनिक भ्रमण भत्ता | २६००००० | ९९९०० | ३००००० |

| क्र. सं. | व्यय विवरण | अनुमानित रकम | वास्तविक रकम | प्रस्तावित रकम ०७७/०७८ |
|---|---|---|---|---|
| ८. | मसलन्द (स्टेशनरी) | ७८४९३४ | १५४३४५ | २००००० |
| ९. | छपाई मसलन्द खर्च | ५९५५०० | | १००००० |
| १०. | पत्रपत्रिका खर्च | १२४१०० | | १२४१०० |
| ११. | विद्युत पानी | ४२२६०० | | ५०००० |
| १२. | विज्ञापन/शुभकामना | २००००० | २०००० | ५०००० |
| १३. | संचार/ईमेल ईन्टरनेट | १२७३६०० | २०५८० | ५०००० |
| १४. | ह्रासकट्टी खर्च | २१४५००० | २६९८०७.८२ | ३००००० |
| १५. | निमार्ण मर्मत/ढुवानी खर्च | ४८६००० | ३०५०३२ | ३५०००० |
| १६. | विविध खर्च | २१७१०० | ८८९५३.६५ | २००००० |
| १७. | बैक कमिशन खर्च | ८२५०० | | ० |
| १८. | मेस संचालन खर्च | ६५७६०० | | २०००० |
| १९. | सफ्टवयर संचालन खर्च | ५८९५०० | | ० |
| २०. | कर खर्च सवारी साधन र बैक व्याजमा | ४८५००० | १४३०३५६.२ | ० |
| २१. | ईन्धन खर्च | ६८२५०० | १७७०८१ | २००००० |
| २२. | साना अनुदान तथा साझेदारी सहयोग | १००००० | | १००००० |
| २३. | कार्यसमिति उप-समिति/कर्मचारी वैठक खर्च | १४५१७६० | | ५०००० |
| २४. | लेखापरिक्षण खर्च | ११०००० | | ११०००० |
| २५. | सदस्यता तथा नविकरण खर्च | २०००० | १८६२० | २०००० |
| २६. | सेवा शुल्क खर्च | ६००००० | | ० |
| २७. | वचतमा व्याज खर्च | ५६६७२३४१ | | ० |
| २८. | ऋणमा व्याज खर्च | ३४६३२४६५ | | ० |
| २९. | खरावकर्जा व्यवस्थापन खर्च | २५६४८२८९ | | ० |
| ३०. | जग्गा खरिद तथा भवन निर्माण , अक्षय कोष, सदभाव कोष आकश्मीक कोष | ० | | ० |
| ३१. | ग्रामिण कन्दरा पकाशन | २५०००० | | २५०००० |
| ३२. | क्यालेन्डर छपाई | १००००० | | १००००० |
| ३३. | संस्थाको ब्रोसर | ५०००० | | ५०००० |

| क्र. सं. | व्यय विवरण | अनुमानित रकम | वास्तविक रकम | प्रस्तावित रकम ०७७/०७८ |
|---|---|---|---|---|
| ३४. | संस्थावाट उपलव्ध सेवा सुविधाहरुको फ्यलेयर, पर्चा | ० | | ० |
| ३५. | रेडियो कार्यक्रम | ० | | ० |
| ३६. | तालिम गोष्ठि संचालन खर्च | ६२५१९५० | ३८००० | ५००००० |
| ३७. | पोषण पुनस्थापन गृह निर्माण तथा कार्यक्रम संचालन | ० | | ० |
| ३८. | साधारण सभा तथा वार्षिक उत्सव | १९७५००० | ४५००० | २००००० |
| ३९. | समुदायमा सिवाईसी कार्यक्रम | १४०९१०० | ३७००० | १००००० |
| ४०. | सिप विकास तालिम | २००३००० | ३५९००० | २००००० |
| ४१. | अध्ययन अवलोकन भ्रमण कार्यसमिति/कर्मचारी, सदस्य | १८८८४०० | | १५०००० |
| ४२. | स्मारीका प्रकाशन खर्च | ३००००० | | २००००० |
| ४३. | विपद व्यवस्थापन खर्च | ५००००० | | २००००० |
| ४४. | नयाँ कार्यालय व्यवस्थापन | ४७५००० | | ० |
| ४५. | स्वास्थ्य शिविर सञ्चालन | ४००००० | | १००००० |
| ४६. | युवा विकास कार्यक्रम खर्च | ३००००० | | ३००००० |
| ४७. | आयकर व्यवस्थापन खर्च | २६०६७५१४ | | ० |
| ४८. | वाँकी वचत | १२८३९२२३ | १९८५०२१९.७४ | १४४८५९०० |
| | **कूल जम्मा खर्च** | २४३१२४०४२ | २४०८१०९६.४१ | २०६१०००० |

**अध्यक्ष महोदय आदरणीय सभासदज्यूहरु,**

यस संस्थाको आर्थिक वर्ष ०७६/०७७ मा आम्दानीतर्फ रु. १६६१०००० प्रस्ताव गरिएकोमा यस वर्ष रु. २४०८१०९६.४१ आम्दानी भै प्रस्ताव गरिएकोमा १४४.९८ प्रतिशतले प्रगति भएको छ । खर्चतर्फ रु.२४३१२४०४२ प्रस्ताव गरिएकोमा यस आ.व. मा रु.२४०८१०९६.४१ खर्च भई प्रस्ताव गरिएकोमा ९.९० प्रतिशत मात्र खर्च भई रु. १९८५०२१९.७४ खुद वचत भएको छ ।

**अध्यक्ष महोदय, आदरणीय सभासद ज्यूहरु, उल्लेखित वजेटको लक्ष्यलाई हासिल गर्न निम्नानुसारका रणनीतिहरु अवलम्वनका लागि प्रस्ताव गरिएको छ ।**

१. संस्थाको बढ्दो कार्यवोझलाई मध्यनजर गरी सम्पूर्ण समिति उपसमिति र कर्मचारीहरुलाई क्रियाशील र परिचालनका लागि वजेटमा वैठक भत्ताको व्यवस्थामा वृद्धि गरिएको छ ।
२. मानवीय श्रोतको मनोवल वृद्धि गरी बढी समय काम गर्न सकून् भन्ने अभिप्रायले कर्मचारीहरुले खाइपाइ आएको तलव तथा भत्तामा वृद्धि गर्नुका साथै पद तथा सेवालाई समायोजन गरिएको छ ।
३. संस्थाको संस्थागत विकास र रणनैतिक व्यवसायिक योजना तयारीका लागि वजेटमा व्यवस्था मिलाईएको छ ।
४. प्रस्तुत बजेट तयार गर्दा स्वीकृत कार्यक्रम र भविष्यमा स्वीकृत हुने सम्भावना भएका कार्यक्रमहरुलाई आधार मानिएको छ ।
५. स्थानीय स्रोत साधन, मानवीय स्रोत साधन, जिल्ला स्थित सरकारी, गैर सरकारी संघ-संस्थाहरुसंग समन्वय र सहकार्यका कुराहरुलाई बजेटमा केन्द्रित गरिएको छ ।
६. संस्थाको दिगो सञ्चालन र वदलिदो परिवेश अनुरुप कार्यहरु सञ्चालन गर्नका लागि आय आर्जन हुने खालका कम्पनि व्यवसाय तथा सहकारीहरुमा शेयर लगानीको व्यवस्था गरिएको छ भने लघुवित्तमा वढ्दै गईरहेको जोखिम न्यूनीकरणका लागि जीवन र निर्जीवन विमा कम्पनी सञ्चालन तथा शेयर लगानीको प्रयाप्त व्यवस्था मिलाइएको छ ।

**अध्यक्ष महोदय , आदरणीय सभासद ज्यूहरु,**

संस्थाले यस आ.व मा संचालनका लागि प्रस्ताव गरेको कार्यक्रमहरुको कार्यान्वयन तथा वजेट व्यवस्थापनका लागि सबैको रचनात्मक सहयोग, क्रियाशीलता र कार्यान्वयनका लागि अपील गर्दछु । कर्मचारी र सञ्चालकहरुको क्रियाशीलता अझै चुस्त दुरुस्त पारी बद्लिदो परिस्थिति अनुरुपका पाइलाहरु चाल्न सक्ने हुनुपर्दछ । प्रस्ताव गरिएको वजेटमा निम्न कुराहरुले उपलव्धि हासिलमा असर हुनसक्ने व्यहोरा समेत अनुरोध गर्दछु ।

- विगत केही समयदेखि वित्तीय क्षेत्रमा देखिएको तरलताको उत्तार-चढावका कारण मुलुकको आर्थिक सामाजिक क्रियाकलापमा पर्न सक्ने प्रभाव,
- वित्तीय क्षेत्रमा तरलता उत्तार चढावका कारण वचत तथा ऋण लगानीको व्याजदरमा अस्वस्थ प्रतिस्पर्धा,
- घरजग्गा तथा पूँजी बजारमा देखिएको मन्दीका कारण पर्न सक्ने असरहरु ,
- केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धि नीति तथा निर्देशनमा परिवर्तन गर्दा पर्न सक्ने असरहरु ।
- संस्थावाट प्रदान गरेको तथा गरिने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन ऋणहरु समयमा भुक्तानी नहुँदा पर्न सक्ने असरहरु ,
- वजारमा हाल संचालीत तथा नयाँ प्रवेश हुने वैंक तथा वित्तीय संस्थाहरु र यिनीहरुबाट हुने प्रतिस्पर्धाका कारण हुनसक्ने असरहरु ,
- आगलागी, वाढि पहिरो, भुकम्प जस्ता प्राकृतिक प्रकोपहरुबाट शेयर सदस्यहरुमा परेको नकरात्मक असर,
- देशको सिमाक्षेत्रमा राजनैतिक कारणले भएको अबरोध तथा नाकाबन्दिले परेको असर ,

यि कारणहरुबाट संस्थालाई पर्न सक्ने जोखिम तथा वित्तीय उपलव्धी प्राप्तिका लागि संस्थाबाट आवश्यक सम्भावित नोक्सानीको व्यवस्था गर्नुका साथै सुरक्षित लगानीको विभिन्न अवसरहरुका लागि आवश्यक रणनीतिहरु वजेटमा व्यवस्था गरिएको व्यहोरा अनुरोध गर्दे अझ वढि क्रियाशिल र सजगता अपनाउनु पर्ने देखेका छौं ।

**अध्यक्ष महोदय,**

अन्तमा यस संस्थाको उन्नति प्रगतिमा सहयोग गर्ने सम्पूर्ण साझेदार शुभेच्छुक, शुभचिन्तकहरु, सरकारी गैर सरकारी, सहकारी, संघ संस्था तथा महानुभावहरुप्रति आभार एवं कृतज्ञता ज्ञापन गर्दै आगामी दिनहरुमा पनि यहाँहरुको माया ममता, शुभेच्छा र रचनात्मक सुझाव तथा सहयोग पाइनै रहने अपेक्षा गर्दै यो प्रतिवेदन छलफल र स्वीकृतिका लागि यहाँहरु माझ छोड्दै विदा हुने अनुमति चाहन्छु ।

**विमला गुरुङ**
**कोषाध्यक्ष**

**धन्यवाद**
**जय सिवाईसी !!**

# CHARTARE YOUVA CLUB NEPAL (CYC NEPAL)

## Baglung
## BALANCE SHEET
## AS AT 31 ASHAD 2077 (15 JULY 2020)

| Capital & liabilities | Schedules | Current Year Core | Current Year Microfinance | Current Year Total (NRs.) | Previous Year Total (NRs.) |
|---|---|---|---|---|---|
| Reserves and funds | 1 | 292,239,417.18 | - | 292,239,417.18 | 297,960,704.45 |
| Borrowings | 2 | - | - | - | - |
| Deposit liabilities | 3 | - | - | - | - |
| Other liabilities | 4 | 1,575,443.00 | - | 1,575,443.00 | 14,689,098.84 |
| Loan Loss Provisions | 5 | - | - | - | - |
| **Total capital & liabilities** | | **293,814,860.18** | - | **293,814,860.18** | **312,649,803.29** |
| | | | | | |
| **Assets** | **Schedules** | | | | |
| Cash balance | 6 | - | - | - | - |
| Balance with banks/financial institutions | 7 | 246,591,060.81 | - | 246,591,060.81 | 236,098,049.48 |
| Money at call and short notice | | - | - | - | - |
| Investments | 8 | 35,878,800.00 | - | 35,878,800.00 | 35,858,800.00 |
| Loans & advances | 5 | - | - | - | - |
| Inter Branch Lending (Contra) | | - | - | - | - |
| Fixed assets | 9 | 11,144,999.37 | - | 11,144,999.37 | 11,414,807.18 |
| Other Assets | 10 | 200,000.00 | - | 200,000.00 | 29,278,146.62 |
| **Total assets** | | **293,814,860.18** | - | **293,814,860.18** | **312,649,803.29** |

| | |
|---|---|
| Contingent Liabilities | Schedule 11 |
| Significant Accounting Policies & Notes to Accounts | Schedule 17 |

Schedules 1 to 17 form integral parts of the financial statements

In terms of our report of even date

Chandi Prasad Sharma Poudel
Chairperson

CA.Sagar Acharya
Proprietor
S. Acharya & Associates
Chartered Accountants

Bimala Gurung
Treasurer

Bir Bahadur Kisan
Secretary

Laxman Khadka
Vice-chairperson

Date : 2077.09.26
Place : Baglung

# CHARTARE YOUVA CLUB NEPAL (CYC NEPAL)

## INCOME & EXPENDITURE STATEMENT

**FROM 1 SHRAWAN 2076 TO 31 ASHAD 2077**

**(FROM 17th JULY 2019 TO 15th JULY 2020)**

| EXPENDITURE | | | | INCOME | | | |
|---|---|---|---|---|---|---|---|
| **Previous year (NRs.)** | **Particular** | **Schedule** | **Current Year (NRs.)** | **Previous Year (NRs.)** | **Particular** | **Schedule** | **Current Year (NRs.)** |
| 50,939,191.95 | Interest expenses | 13 | - | 106,599,757.87 | Interest Income | 12 | - |
| 26,972,350.00 | Staff expenses | 15 | - | 13,794,350.95 | Other Income | 14 | - |
| 13,607,428.27 | Office operating expenses | 16 | - | 5,013,791.75 | Excess Loan Loss Provision w/off | 5 | - |
| - | Loan Loss Provision Expenses | 5 | - | | | | |
| - | Provision Expense for Other Assets | | - | | | | |
| - | Transfer to various Fund | | - | | | | |
| 11,570,113.49 | Provision for Income Tax | | - | | | | |
| **22,318,816.86** | **Net Profit/(Loss) from Microfinance Program** | | - | | | | |
| | | | | | | | |
| **125,407,900.57** | **Total** | | - | **125,407,900.57** | | | - |
| **Other Operating Income & Expenditure** | | | | | | | |
| 859,934.00 | Program Operating Direct Expenditure | | | 65,000.00 | Grant received for other programs | | - |
| - | Program Operating Support Expenditure | | | 13,672,837.00 | Interest Income | 12 | 22,843,919.30 |
| - | Interest expenses | 13 | - | 797,233.05 | Other operating Income | 14 | 1,237,177.11 |
| 396,400.00 | Staff Expenses | 15 | 673,700.00 | **22,318,816.86** | **Profit from Micro finance** | | - |
| 1,919,125.79 | Other operating expenses | 16 | 3,557,176.67 | | | | |
| - | Unspent Fund to be Refund/Transfer | | - | | | | |
| - | Prior period expenses | | - | | | | |
| - | Profit/loss from extra-ordinary activities | | - | | | | |
| **33,678,427.12** | **Net Profit after considering all activities** | | **19,850,219.74** | | | | |
| **36,853,886.91** | **Total** | | **24,081,096.41** | **36,853,886.91** | | | **24,081,096.41** |

Schedules 1 to 17 form integral parts of the financial statements

In terms of our report of even date

Chandi Prasad Sharma Poudel
Chairperson

CA Sagar Acharya
Proprietor
S. Acharya & Associates
Chartered Accountants

Bimala Gurung
Treasurer

Bir Bahadur Kisan
Secretary

Laxman Khadka
Vice-chairperson

Date : 2077.09.26
Place : Baglung

# CHARTARE YOUVA CLUB NEPAL (CYC NEPAL)
## BAGLUNG
## CASH FLOW STATEMENT
**FROM 1 SHRAWAN 2076 TO 31 ASHAD 2077**
**(FROM 17th JULY 2019 TO 15th JULY 2020)**

| Previous Year (NRs.) | Particulars | Current Year (NRs.) |
|---|---|---|
| | **(A) Cash flow from operating activities** | |
| 33,678,427.12 | Profit before tax after depreciation | 19,850,219.74 |
| 1,171,344.72 | Add: Depreciation for the year | 269,807.82 |
| 34,849,771.85 | Profit before adjustment of working capital | 20,120,027.56 |
| | Adjustment: | |
| - | 1. (Increase)/decrease in money at call and short notice | - |
| (17,160,000.00) | 2. (Increase)/decrease in other short-term investments | (20,000.00) |
| 889,007,928.00 | 3. (Increase)/decrease in loans & advances and bills purchase | - |
| 10,482,727.80 | 4. (Increase)/decrease in other assets | 29,078,146.62 |
| (563,980,392.47) | 5. Increase/(decrease) in deposit liabilities | - |
| (104,289,631.87) | 6. Increase/(decrease) in Loan loss provision | - |
| (41,095,305.40) | 7. Increase/(decrease) in other liabilities | (13,113,655.84) |
| **207,815,097.90** | **Cash Flow from Operating Activities** | **36,064,518.35** |
| | **(B) Cash flow from investment activities** | |
| - | 1. (Increase)/decrease in long-term investments | - |
| 2,614,405.12 | 2. (Increase)/decrease in fixed assets | - |
| | 3. Interest income from long-term investments | |
| | 4. Dividend income | |
| 16,882.09 | 5. Others- disposed off of fixed assets | - |
| **2,631,287.21** | **Cash Flow from Investment Activities** | - |
| | **(C) Cash flow from financial resources activities** | |
| (76,719,603.22) | 1. Increase/(decrease) in long-term borrowings | - |
| (222,863,623.76) | 2. Increase/(decrease) in Fund | (25,571,507.01) |
| | 4. Increase/(decrease) in Other program operating Fund | - |
| **(299,583,226.98)** | **Cash Flow from Financing Activities** | **(25,571,507.01)** |
| **(89,136,841.87)** | **(E) Cash flow from current year's entire activities** | **10,493,011.33** |
| **325,234,891.35** | **(F) Cash and cash equivalents at beginning of period** | **236,098,049.48** |
| **236,098,049.48** | **(G) Cash and cash equivalents at end of period** | **246,591,060.81** |

In terms of our report of even date

Schedules 1 to 17 form integral parts of the financial statements

Chandi Prasad Sharma Poudel
Chairperson

CA.Sagar Acharya
Proprietor
S. Acharya & Associates
Chartered Accountants

Bimala Gurung
Treasurer

Bir Bahadur Kisan
Secretary

Laxman Khadka
Vice-chairperson

Date : 2077.09.26
Place : Baglung

# सभा संचालन कार्यविधि

**प्रस्तावना:**

चारतारे युवा क्लव CYC नेपालको कार्य समिति बैठक साधारण सभा र अधिवेशनहरु नियमबद्ध र क्रमवद्ध रुपमा संचालन गर्नका लागि विधानको भाग १४ उपदफा (१) वमोजिम यो standing order २०५६ तयार गरी लागु गरिएको छ ।

**१. अध्यक्षता:**

१२ चारतारे युवा क्लव CYC नेपालको कार्यसमितिको बैठक साधारण सभा र अधिवेशन अध्यक्षता चारतारे युवा क्लवको विधान २०४९ को भाग ६ को दफा २१ को उपदफा २ वमोजिम कार्यसमितिको अध्यक्षले गर्दछन् । निजको अनुपस्थितिमा कार्यसमितिका उपाध्यक्ष र निज पनि अनुपस्थित र भएमा बैठकमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यबाट सभाको अध्यक्षता गरिने छ ।

१.२ बैठकको संचालन र आदेशका लागि अध्यक्ष जिम्मेवार हुनेछन् ।

१.३ बैठक सुचारु रुपले संचालन गर्न, कसैलाई पनि बोल्नबाट रोक लगाउन आवश्यक परेको खण्डमा अध्यक्षले बोल्नबाट रोक लगाउन सक्नेछन् ।

१.४ बैठकको अवधिमा अध्यक्षले आवश्यक परेका खण्डमा यो Standing order को व्याख्या र बैठक संचालन विधि सम्वन्धि विवादित प्रश्नहरु बारे Ruling गर्ने छन् ।

१.५ अध्यक्षले Ruling गरेको विषयमा कुनै विवाद उत्पन्न भएमा उक्त ruling लाई तत्काल सभा समक्ष निर्णयका लागि प्रस्तुत गरिने छ ।

१.६ अध्यक्षले कुनै पनि समय बैठकको सत्र स्थगत गर्न सक्नेछन् । अर्को निर्णय नलिएको अवस्था सम्म बैठक स्थगन रही रहने छ ।

१.७ अध्यक्षले कुनै पनि समय वक्ताहरुले समयावधि सीमित गर्न सक्ने छन् । अध्यक्षले वैठकमा बोल्न चाहने सहभागीहरु वारे सूचित गर्न सक्नेछन् र अन्य वक्ताहरुको सूचि वन्द गर्न सक्छन् । यो कुनै पनि सहभागीहरुको प्रतिवेदन प्रस्तुत गर्ने वा भोट हुनु पूर्व प्रस्ताव गर्ने अधिकारीलाई खण्डित गर्नेछैन ।

१.८ अध्यक्षले कुनै पनि समय विषयवस्तु (Agenda) को कुनै खास विषयमा समयावधि सीमित गर्ने वा समयावधि समाप्त भएको घोषणा गरी विषयलाई निर्णयका लागि लैजान वा छलफल बन्द गर्ने प्रावधान लागु गर्न सक्नेछन् तर यो प्रावधानले सहभागीको प्रतिवेदन प्रस्तुत गर्ने प्रतिउत्तर गर्ने अधिकार वा भोट हुनु पूर्व प्रस्ताव पेश गर्ने अधिकारलाई खण्डित गर्ने छैन ।

१.९ अध्यक्षले वैठकमा छलफल भएका कुराहरु टिपोट गनै वैठक संचालनका लागि सहयोग गर्न आवश्यकता अनुसार Reporters हरु नियुक्त गर्ने छन् ।

१.१० कसैले क्लवको वैठकको अवहेलना गरेमा सम्वन्धित बैठकको अध्यक्षता गर्ने व्यक्तिले सो व्यक्तिलाई सचेत गराउन, नसिहत दिन वा एक वर्षमा नवढाई निलम्वन गर्न वा पदबाट हटाउन सक्नेछन् तर वैठकलाई सन्तोष हुने गरी क्षमा याचना गरेमा विचार गर्न सकिने छ ।

१.११ वैठकको अध्यक्षता गर्ने व्यक्तिले तोकेको स्थान र समयमा सदस्य एवं अन्य पदाधिकारीहरुले आसन ग्रहण गर्नुपर्नेछ ।

१.१२ बैठकमा सदस्य एवं पदाधिकारीहरुको बोल्ने पालो वा समय अध्यक्षले तोकिदिए अनुसार हुने छ। प्रस्तावकले बोले पछि सो प्रस्तावमा बोल्न चाहने सदस्यहरुलाई सभाध्यक्षले बोल्न अनुमति दिनुपर्ने छ। छलफलको अन्तमा प्रस्तावकले बोल्न चाहेमा अध्यक्षता गर्ने व्यक्तिले वोल्न अनुमति दिनु पर्ने छ। एउटै प्रस्तावमा प्रस्तावक वाहेक अरु सदस्य एवं पदाधिकारीहरुले एक पटक भन्दा बढी बोल्न पाउने छैनन।

१.१३ साधारण सभाको वैठकमा कार्यसमितिका कुनै पदाधिकारी वा सदस्यहरुले फ्लोरबाट वा ड्यासबाट कुनै प्रकारको प्रश्न उठाउन पाइने छैन। यसो गरेमा यस Standing orders को १.१० वमोजिम हुने छ।

१.१४ वैठकमा एउटा सदस्य एवं पदाधिकारीहरु वोलिरहेको समयमा अर्को सदस्य एवं पदाधिकारीहरुले कुरा काटी बीचमा बोल्ने छैनन्।

१.१५ वैठकमा भएको छलफलमा कुनै सदस्य एवं पदाधिकारीहरुले अप्रसाङ्गिक कुरा गरेमा वा विधान विपरित छलफल गरेमा वा आपत्तिजनक शब्द प्रयोग गरेमा अध्यक्षले निजलाई रोक्न, सम्झाउनु वा आपत्तिजनक शब्दहरु फिर्ता लिन आदेश दिन सक्ने छन् उक्त आपत्तिजनक शब्दहरु फिर्ता नलिएमा बैठकबाट ३० मिनेटका लागि निस्कासन गर्न सक्नेछन्। यसो गर्दा पनि नभएमा यसै यचमभच १.१० वमोजिम हुने छ।

१.१६ वैठक संचालनको सिलसिलामा सभाध्यक्षले दिएको आदेश र निर्देशन अन्तिम हुने छ।

**२ एजेण्डा (प्रस्ताव)**

२.१ कार्यसमितिका सचिव, कार्यकारी निर्देशक र Reporters हरुले सभाध्यक्षसंग सल्लाह गरी साधारण सभाको (एजेण्डा) विषय वस्तु तयार गर्नेछन् र त्यो विषयवस्तु कार्यसमितिमा प्रस्तुत गरिने छ। कार्यसमितिले अनुमोदन गरेपछि उक्त एजेण्डा साधारण सभामा प्रस्तुत गरिने छ।

२.२ साधारण सभामा कार्यसमितिबाट अनुमोदन भै आएका प्रस्तावलाई Adoption का लागि प्रस्तुत तयार गरिने छ। पारित भएपछि यो साधारण सभाको एजेण्डा वन्नेछ। बैठकको स्वीकृति वाहेक अन्य कुनै विषयहरुमा छलफल गरिने छैन।

२.३ कार्यसमितिका सचिव, कार्यकारी निर्देशक र Reporter हरुको कम बैठकको प्रतिवेदन तयार गर्नु हुने छ। त्यस्तो प्रतिवेदनमा वैठकमा निर्णयहरु र छलफलमा प्रतिविम्वित भावनाहरु सम्मिलित हुनेछन्। छलफलको सन्तुलित निचोड र अल्पमतको भावनालाई पनि प्रतिवेदन समेट्ने छ।

**३. विधान संशोधन प्रस्ताव :-**

३.१ वैठक सम्वन्धी कुनै पनि प्रस्तावहरु आधिकारिक र मान्यता प्राप्त सदस्यहरुले मात्र प्रस्तुत गर्न सक्नेछन्।

३.२ अन्य प्रस्तावहरु Emergency Resolution को रुपमा दर्ता गर्न सकिने छ। तर त्यस्तो Emergency Resolution हरु एजेण्डामा समावेश गर्ने नगर्ने निर्णय कार्यसमितिले गर्ने छ।

३.३ चारतारे युवा क्लवको विधान विपरीत वा कार्यसंग असम्वन्धित वा संस्थाको मर्यादामा आँच आउने खालको कुनै पनि प्रस्तावलाई कार्यसमितिले विषय सूचीमा समावेश गर्ने छैन।

**४. मतदान Voting:**

४.१ वैठकमा विधान संशोधन बाहेक अन्य निर्णयहरु सामान्य बहुमतबाट लिइने छ।

४.२ साधारण सभामा भाग लिने सदस्यहरुको नाम १५ दिन पहिले चारतारे युवा क्लवको कार्यालयमा विधिवत् रुपमा दर्ता भएको हुनु पर्नेछ। कम्तीमा पनि ७ दिन पहिले सदस्य तथा पर्यवेक्षकहरुको नाम CYC को कार्यालयमा प्रकाशित हुने छ।

४.३ चारतारे युवा क्लवमा कार्यरत कर्मचारीहरु कार्यसमितिको निर्वाचन साधारण अधिवेशन सम्वन्धमा भएको छलफलमा भाग लिन पाउने छैनन्। तर सदस्य रहेको व्यक्तिलाई भने मताधिकारबाट बन्चित गरिने छैन।

**५. POINT OF ORDER AND INFORMATION:**

५.१ कुनै पनि सहभागीले Points of Order उठाउन सक्नेछन्। तर मतदानको अवधिमा Voting प्रविधि संग सम्वन्धित भएको अवस्थामा Points या Order उठाउन पाइने छैन।

५.२ Points of Order वैठकको संचालन र छलफलको विषयसंग अनिवार्य रुपले सम्वन्धित हुनुपर्ने छ। त्यसले छलफलको विषयवस्तुलाई Refer गर्ने छैन र कुनै अन्य विषयलाई प्रस्तुत गर्ने छैन।

५.३ निम्न विषयहरु Points of Order को रुपमा उठाउन सकिने छ।

- सभाध्यक्षलाई रुलिङ गर्नका लागि अनुरोध गर्न।
- सभाध्यक्षको रुलिङमाथि चुनौती जसको निम्ति अनिवार्य रुपमा अरु २ जना सदस्यहरुको समर्थन आवश्यक हुने छ।
- यदि चाडै मतदान गर्नु पर्‍यो भने, तर त्यो सभाध्यक्षले इच्छामा भर पर्ने छ।
- कुनै प्रस्तावमा मतदान नगर्नका लागि।
- यदि कुनै विषयवस्तुलाई उपसमिति वनाई Refer गर्नु पर्‍यो वा कार्य समितिमा पठाउनका लागि।

**६. Points of Information:**

सहभागीहरुले Points of Information उठाउन सक्नेछन्। तर त्यस्तो Points of Information ले कुनै तर्क प्रस्तुत गर्ने छैन। त्यस्तो Points of Information ले सभाध्यक्ष वा वक्ता समक्ष सम्वन्धित विषयमा सूचनाको आग्रह गर्नेछ।

**७. बाधा अड्काउ फुकाउने अधिकार :**

यो Standing order प्रयोग गर्दा परेका वाधा अड्काउहरु फुकाउन र विधान तथा नियमावलीको अधिनमा रही आवश्यक आदेश तथा निर्देशन दिने अधिकार सभाध्यक्षलाई हुने छ।

**८. जिम्मेवारी तोक्न सक्ने :**

संस्थासंग सम्वन्धित व्यक्तिहरु, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लगायतका जिम्मेवार प्राप्त अन्य व्यक्तिहरु अनुपस्थित रहेको अवस्थामा उनीहरुले गर्ने भनेका कार्यहरु सभाध्यक्षले तोकिदिएको व्यक्तिबाट हुनेछ।

**९. Standing orders को संशोधन :**

- यो Standing orders को संशोधनका लागि सामान्य प्रस्तावको रुपमा संशोधन प्रस्ताव पेश गर्न सकिनेछ।
- यो Standing orders मा कुनै संशोधन नभए साधारण सभाको वैठकको प्रारम्भ Standing orders adoption को Agenda item अर्न्तगत प्रस्तुत गरिने छ। पारित भएमा तुरुन्त लागु भएको मानिने छ।
- यो Standing orders का कुराहरु CYC को विधान अनुसार हुनेछन्।

# नोट/टिप्पणी